प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय

# पूर्वाधार विकास कार्यालय

कोशी प्रदेश, भद्रपुर, झापा

## सडक मर्मत सम्भारकर्ता छनौटको लागि सार्वजनिक सूचना

मिति: २०८१/१०/११

कोशी प्रदेश, भौतिक पूर्वाधार विकास मन्त्रालयबाट स्वीकृत सडक मर्मतसम्भार दिग्दर्शन, २०८१ बमोजिम तपसिल बमोजिम सडकको नियमित मर्मतसम्भार गर्न पूर्वाधार विकास कार्यालयलाई प्रति सडक खण्ड एक जना सडक मर्मतसम्भार कर्ताको आवश्यकता परेको हुँदा सम्बन्धित सडक खण्डबाट बढीमा आधा घण्टाको दुरीमा स्थायी बसोबास भएका, योग्य तथा १८ वर्ष पुरा भई ६० वर्ष सम्मका इच्छुक नेपाली नागरिकबाट दरखास्त आव्हान गरिएको छ।

तपसिल:

१. सडक मर्मतसम्भार कर्ता आवश्यक संख्या, सडकको नाम र खण्डहरु:-

| क.स. | सडकको नाम र खण्ड (चेनेज) | कि.मि. | आवश्यक संख्या |
|---|---|---|---|
| १ | **सतासीधाम झिलझिले हवल्दार चोक चौरी हुदै होकल बारी जाने सडक** | **२६.९** | |
| | चेनेज ०+०००- ५+००० | ५ | १ |
| | चेनेज ५+०००- १०+००० | ५ | १ |
| | चेनेज १०+०००- १५+००० | ५ | १ |
| | चेनेज १५+०००- २०+००० | ५ | १ |
| | चेनेज २०+०००- २६+९०० | ६.९ | १ |
| २ | **अमरपथ सडक कन्काई न ३ सुरुंगा देखि बोर्डर सम्म प्याकेज १** | ७.८ | |
| | चेनेज ०+०००- ७+८०० | ७.८ | १ |
| ३ | **दुर्गापुर दानावारी देखि इलाम जाने सडक** | १२.६ | |
| | चेनेज ०+००० - ६+००० | ६ | १ |
| | चेनेज ६+००० - १२+६०० | ६.६ | १ |
| ४ | **सुखानी दानाबारी चिसापानी राजदुवाली सडक** | १४ | |
| | चेनेज ०+०००- ५+००० | ५ | १ |
| | चेनेज ५+०००- १०+००० | ५ | १ |
| | चेनेज १०+०००- १४+००० | ४ | १ |
| ५ | **दमक ५ बुद्ध चोक हि.मा.वि ढुकुरपानी शान्तिचोक गोलाटार हुदै महेशचोक मोरङ्ग सडक** | ७.५ | |
| | चेनेज ०+०००- ७+५०० | ७.५ | १ |
| ६ | **भद्रपुर ज्यामिरगढी धुलाबारी -गुजा बस्ती मागुर्माड़ी शान्तिनगर हुदै इरौटार (भद्रपुर धुलाबारी खण्ड)** | ९.२ | |
| | चेनेज ०+०००- ५+००० | ५ | १ |
| | चेनेज ५+०००- ९+२०० | ४.२ | १ |

२. छनौटको आधार, प्रक्रिया, मर्मत सम्भारकर्ताको कार्य विवरण तथा भुक्तानी लगायतका विषय दिग्दर्शन बमोजिम हुनेछ। दिग्दर्शन वेबसाइट (https://mopid.koshi.gov.np) मार्फत हेर्न सकिनेछ।

३. संलग्न ढाँचामा दरखास्त भरी नागरिकताको प्रमाणित प्रतिलिपि साथ मिति २०८१/१०/२६ गते कार्यालय समय भित्र पूर्वाधार विकास कार्यालय झापामा दरखास्त दर्ता गराउनु पर्ने छ। उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन कार्यालयस समय भित्र ।

**४. सडक मर्मत सम्भारकर्ता छनौटका सामान्य आधारहरु निम्नानुसार रहने छन्:-**

१. १८ वर्ष पूरा भई ६० वर्ष सम्मका नेपाली नागरिक,

२. शारीरिक तथा मानसिक रुपले सडक मर्मतमा मर्मत सम्भारकर्ताको काम गर्न योग्य,

३. सडक खण्डबाट बढीमा आधा घण्टाको पैदल दुरीमा बसाई भएको, (सम्बन्धित वडाको सिफारिस पत्र)

**छनौटका लागि विशेष प्राथमिकताका आधारहरु निम्नानुसार रहने छन:-**

१. गरिब, दलित र सीमान्तकृत समुदायका सदस्य।

२. महिला ।

*[नोटः दरखास्त फारम यसै सूचना सँग संलग्न गरिएको छ।]*

**कार्यालय प्रमुख**